सन्धिखर्क नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७
च.नं. ८८३ मिति:-२०७६/०८/१२

**विषय : निबन्ध प्रतियोगिताको सूचना ।**

श्री स.न.पा.भित्रका सबै सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरु ।

उपर्युक्त सम्वन्धमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद कार्यालय बुटवलको च.नं. 'कानुन ६८' को पत्र अनुसार लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा माध्यमिक तहका विधार्थीहरु बीच "लैङ्गिक हिंसाका कारण र निवारणका उपाय" विषयक प्रदेशस्तरीय निबन्ध प्रतियोगिताको आयोजना भएकोले यस नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयका इच्छुक विधार्थीहरुलाई तपशिलका सर्तहरुको अधीनमा रही निबन्ध लेख्न लगाइ तोकिएको स्थानमा प्रस्तुत गर्न लगाउनु हुन अनुरोध छ।

तपशिल

१.निवन्ध नेपाली र अंग्रेजी मध्ये कुनै एक भाषामा लेखिएको हुनु पर्ने ।
२.निवन्ध कम्तीमा १००० शब्दको हुनुपर्ने ।
३.एक विद्यालयबाट माध्यमिक तहका ३ विधार्थीहरु प्रतियोगितामा सहभागी हुन सक्ने ।
४.लिखित निबन्धको हार्डकपी वा सफ्ट कपी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बुटवलमा २०७६ मंसिर २४ गते भित्र पठाउनु वा पेश गर्नुपर्ने ।
५. प्रतियोगीले कपी राइटको सिद्धान्तलाई सम्मान गरी निबन्ध रचना गर्नुपर्ने ।
६.प्रतियोगी प्रदेश नं.५ को भित्रका विद्यालयमा अध्ययनरत हुनुपर्ने ।
७.सिर्जना गरिएको निबन्ध infocmofficep5@gmail.com मा word document को प्रति पठाउन सकिने ।
८. पुरस्कार राशि देहाय बमोजिम हुने ।
क. प्रथम रु. १०,०००।
ख. द्धितीय रु.७०००।
ग. तृतीय रु.५०००।

..............................
युगलनारायण बसेल
नि.प्रमुख प्रशासकीय अधिकृत

☎ ०७७-४२०११२, ४२०६६२ E-mail:- sandhikharkamunicipality@gmail.com URL:-http://www.sandhikharkamun.gov.np